# जलजला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ लामाखेत पर्वत, संख्याः १ मितिः २०८१ साउन ०१

नेपालको संविधानको धारा २२६ ले दिइएको अधिकार प्रयोग गरी नेपालको संविधानको  अनुसूची ८, क्रमसख्ंया ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा रहको विद्यालय शिक्षा व्यवस्थापन अन्र्तगत जलजला गाउँपालकाको गाउँसभाबाट यो कार्यविधी
“विद्यालय – समुदाय सम्वन्ध तथा बालबालिकाको विकासमा सामुदायीक कार्यक्रम तथा आचारसंहिता कार्यविधी २०८१” लागु गरिएको छ ।

## जलजला गाउँपालिकाको
## “विद्यालय – समुदाय सम्वन्ध तथा बालबालिकाको विकासमा सामुदायिक कार्यक्रम तथा आचारसंहिता कार्यविधी २०८१”

## परिच्छेद : १
## प्रारम्भिक

१. **पृष्ठभूमि :**

नेपालको संविधान (२०७२) ले आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी एकल अधिकार स्थानीय तहलाई दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज. ले स्थानीय तहको निर्दिष्ट गरेको कर्तव्य र अधिकार अनुसार शिक्षा क्षेत्रको समग्र विकासको लागि समुदाय, अभिभावक, नागरिक समाज, स्थानीय वुद्धिजिवी, शिक्षा प्रेमीको व्यापक सहभागीता र सहकार्यको परिकल्पना गरेको छ। यस सन्दर्भमा स्थानीय तहको प्रदत अधिकार उपयोग गरी स्थानीय पालिकाको आवश्यकता अनुरुप स्थानीय समुदायहरु, अभिभावकहरु र विद्यालयहरुको एकिकृत रुपमा परिचालन गरी शैक्षिक सुधार तथा जीवन उपयोगी शिक्षा प्रदान गर्नका लागि "**विद्यालय – समुदाय सम्बन्ध तथा बालबालिकाको विकासमा सामुदायीक कार्यक्रम तथा आचारसंहिता कार्यविधी**" लागु गरिएको छ।

२. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधीको नाम "विद्यालय - समुदाय सम्वन्ध तथा बालबालिकाको विकासमा सामुदायीक कार्यक्रम तथा आचारसंहिता कार्यविधी" हुनेछ।

(ख) यो कार्यविधी गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ।

३. **परिभाषा :**

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधीमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले जलजला गाउँपालिका सम्झनुपर्छ।

(ग) "शिक्षा शाखा" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(घ) "शिक्षा शाखा प्रमुख" भन्नाले गाउँपालिकाको शिक्षा शाखा हेर्ने अधिकृत कर्मचारीलाई सम्झनुपर्छ।

(ङ) "संयोजन समिति" भन्नाले कार्यबिधिको दफा ४ (१) बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

(च) "समन्वय र परिचालन" भन्नाले गाउँपालिका भित्र अभिभावक, समुदाय र विद्यालयबीचको समन्वय र परिचालन सम्झनुपर्छ।

(छ) "समिति संयोजक" भन्नाले यस कार्यविधि बमोजिम नियुक्त संयोजक सम्झनुपर्छ।

(ज) "फोकल शिक्षक" भन्नाले दफा ८ उपदफा (क) (२) बमोजिमको शिक्षकलाई सम्झनुपर्छ।

(झ) "संरचनात्मक समन्वय" भन्नाले दफा ६ (१) बमोजिमको गाउँपालिकाकाको मौजुदा संरचना सम्झनुपर्छ।

(ञ) "लिड विद्यालय/स्कुल" भन्नाले विद्यालय शिक्षा शैक्षिक गतिविधि सञ्चालनमा वरिपरी रहेका आधारभूत विद्यालयका शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई प्राविधिक सहयोग पुर्याउने उद्देश्यले गाउँपालिकाद्धारा तोकिएको माध्यामिक विद्यालयलाई सम्झनु पर्छ।

(ट) "जीवन सीप शिक्षा" भन्नाले जलजला गाउँपालिकाले यस कार्यविधीमा तोकिए बमोजिम विद्यार्थीहरुले तहगत रुपमा सिक्नुपर्ने आधारभूत सीपहरुलाई सम्झनु पर्दछ।

(ठ) "पूर्व व्यावसायिक शिक्षा" भन्नाले जलजला गाउँपालिकाले यस कार्यविधीमा तोकिए बमोजिम विद्यार्थीहरुले तहगत रुपमा सिक्नुपर्ने आधारभूत व्यवसायिक तथा सीपमूलक तालिम र सीपहरुलाई सम्झनु पर्दछ।

(ड) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई बुझनु पर्दछ।

(ढ) "सदस्य" भन्नाले यस कार्यविधि बमोजिम नियुक्त सदस्यलाई सम्झनुपर्छ।

## परिच्छेद : २
## लक्ष्य तथा उद्देश्य

१. **लक्ष्य तथा उद्देश्य :**

**लक्ष्य :**

(क) विद्यालय समुदाय सम्बन्ध सुधारमा विभिन्न रचनात्मक, चेतनामुलक तथा उत्पादनमुलक कार्यक्रमहरु सञ्चालन गरी विद्यालय तहका बालबालिकालाई सीप, संस्कार र प्रविधिसहितको शिक्षा प्रदानमा

महत्वपूर्ण योगदान पुऱ्याउनु ।

(ख) विद्यालयतहबाटै विद्यार्थीहरुमा जीवनउपयोगी सीप तथा व्यवसायिक सीप र दक्षता विकास गरी रोजगार र स्वरोजगारमा टेवा पुऱ्याउँदै आत्मनिर्भर हुन र स्ववलम्वी हुन सहयोग पुऱ्याउनु ।

(ग) विद्यार्थीहरुलाई आफ्नो समुदायमा रहेका पेशा, व्यवसाय तथा उद्यमलाई पहिचान गरी आवश्यक सीप र दक्षता विकास गर्न तयारी गराउनु ।

**उद्देश्यहरू :**

(क) बालबालिकाको चौतर्फी विकासमा सामुदायीक भूमिका, मापदण्ड र योगदानका विधिहरु दैनिक व्यवहारमा स्थापित गर्नु ।

(ख) दैनिक जीवनमा आवश्यक पर्ने आधारभूत जीवनसीपहरु प्रयोगात्मक रुपमा सिकाउनु ।

(ग) विभिन्न पेशा र व्यवसायसँग सम्बन्धीत समय अनुकुल सीप र दक्षता विकास गर्नु ।

(घ) आफ्नो जीवनको लक्ष्य र उद्देश्य तय गर्दै करियरको बाटो पहिचान गरी आवश्यक तयारी गर्न सिकाउनु ।

(ङ) एकाइसौं सताब्दीका आधारभूत जीवनसीपहरुको प्रयोग र उपयोग गर्न सक्षम बनाइनु ।

(च) सामाजिक सस्कार र मूल्यहरु स्थापित गर्दै असल बानी व्यवहार र विधिहरु घर परिवार, टोल छरछिमेक, समुदाय तथा सार्वजनिक स्थानमा अध्यास गर्दै समतामूलक समाज निर्माणमा योगदान गर्नु ।

(छ) विद्यालय र समुदाय बीच सघन संवाद र सहयोग स्थापना गर्नु ।

(ज) विद्यार्थीको शैक्षिक, सांस्कृतिक र नैतिक विकासमा समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्नु ।

(झ) शैक्षिक कार्यक्रम र गतिविधिहरूमा समुदायको योगदान बढाउनु ।

(ञ) विद्यार्थी र समुदाय बीचको सम्बन्ध सुदृढ गर्दै सामाजिक उत्तरदायित्वको भावना विकसित गर्नु ।

(ट) बालबालिकाका सीप र दक्षतालाई विकास गर्न विभिन्न रचनात्मक तथा प्रयोगात्मक अवसरहरु प्रदान गर्ने ।

## परिच्छेद : ३
## विद्यालय – समुदाय सम्बन्ध संयोजन समिति

१. **अभिभावक, समुदाय र विद्यालय संयोजन समितिको काम, कर्तव्य र अधिकार**

(क) विद्यालय स्तरीय पाठ्यक्रम र राष्ट्रिय शिक्षा नीतिको अधिनमा रही गाउँपालिका भित्र रहेका आधारभूत र माध्यामिक तहका विद्यालय शिक्षालाई बालमैत्री, समय सापेक्ष, स्थान सुहाउँदो, सीप तथा प्रविधियुक्त, जीवनउपयोगी र सामुदाय केन्द्रित बनाउनका लागि अभिभावक, समुदाय र विद्यालय समन्वय तथा परिचालनको कार्ययोजना अनुसार कार्यान्वयन गर्ने ।

(ख) अभिभावक, समुदाय र विद्यालय समन्वय तथा परिचालनको कार्ययोजना कार्यान्वयनका लागि क्रियाकलापगत बजेट तथा खर्चको नर्म्स तथा मापदण्ड निर्धारण गरी स्वीकृत गर्ने र स्वीकृत बजेट तथा खर्चको नर्म्स तथा मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्ने ।

(ग) अभिभावक, समुदाय र विद्यालय समन्वय तथा परिचालनमा संलग्न सदस्य, विषय विज्ञ, निरीक्षक, अनुगमनकर्ता, फोकल शिक्षक, स्थानीय स्रोत व्यक्ति, विज्ञहरुबाट सम्पन्न हुने क्रियाकलापहरु लयायत समन्वय र परिचालन व्यवस्थापन सम्बन्धी सम्पूर्ण व्यवस्थापन तथा सञ्चालनमा संलग्न स्वंयमसेवक तथा विज्ञहरुको पारिश्रमिक तोक्ने ।

(घ) अभिभावक, समुदाय र विद्यालय समन्वय तथा परिचालन सम्बन्धि त्रैमासिक प्रगति प्रतिवेदन गाउँपालिकालाई पेश गर्ने ।

(ङ) विद्यालय शिक्षा सुधारमा समुदाय तथा अभिभावक सहभागीता अभिबृद्धिमा मुख्य भुमिका निर्वाह गर्ने ।

(छ) समुदाय तथा अभिभावकलाई अभिभावक शिक्षा, बालबालिकालाई घरेलु हिंसाजन्य गतिविधिबाट पर्न सक्ने मनोवैज्ञानिक तथा भावनात्मक असर, असल अभिभावक र सुरक्षित समुदायबाट बालबालिकाको सिकाइमा पर्ने सकारात्मक प्रभाव जस्ता विषयमा अभिमुखीकरण गर्ने गराउने ।

(ज) विद्यालयमा समुदाय तथा अभिभावकको भूमिकाको बारेमा मापदण्ड निर्धारण गरी विद्यालय तथा शिक्षकसँग अन्र्तकृया र छलफल गर्ने गराउने ।

(झ) विद्यालयलाई समुदायसँग जोड्ने र समुदायलाई विद्यालयसँग जोड्ने गतिविधिहरु संञ्चालन गर्ने गराउने ।

(ञ) बालबालिका कुनै पनि घरेलु हिंसाजन्य, बुलिङ, घोचपेच, होच्याउने कार्य कहिकतै घरपरिवार, समुदाय, विद्यालय आदि स्थानमा भएमा तुरुन्तै गुनासो गर्न सक्ने, सुनवाइ गर्ने र आवश्यक कार्बाही गर्न सिफारिस गर्न सक्ने सम्मको संयन्त्रको विकास गर्ने गराउने ।

(ट) अभिभावकहरुलाई बालबालिकाको स्याहार, पोषण, विद्यालय शिक्षाको लागि आवश्यक सर सामग्री देखि सहयोग सम्मका मापदण्ड बनाई छलफल र अन्र्तकृया गर्ने ।

(ठ) कार्ययोजना अनुसारको काम भए नभएको नियमित अनुगमन गर्ने ।

(ड) शान्तिपूर्ण र मर्यादित रुपले बालबालिका सिक्न, अध्ययन गर्न, सोधखोज गर्ने वातावरण निर्माणका लागि विद्यालय, समुदाय र अभिभावकसँग सहकार्य र समन्वयन गर्ने गराउने ।

(ढ) बालबालिका माथि हुने वा हुनसक्ने घरेलु हिंसा बिरुद्ध आचारसहिता बनाइ कार्यान्वियन गर्ने, गराउने ।

(ण) बालबालिका माथि हुने वा हुनसक्ने घरेलु हिंसा बिरुद्ध विपरीत काम गर्ने अभिभावक, शिक्षक, कर्मचारी तथा अन्य संलग्न व्यक्तिहरुलाई आबश्यक कारबाहीका लागि तालुक अड्डामा लेखि पठाउने ।

(त) समुदायका ज्ञान, सीप, अभ्यासलाई विद्यालयको ज्ञानसँग जोडी सीप विकासका लागि आवश्यक स्थानीय विज्ञ आदिको रोष्टर सूची तयार गर्ने, गराउने र उक्त रोष्टर सूची प्रत्येक विद्यालय सम्म पहुँच सहितको सूचना सम्प्रेषण गर्ने, गराउने ।

(थ) कार्ययोजना अनुसारको उपलब्धि नतिजा प्रतिवेदन तयार गर्ने, विश्लेषण गरी गराइ सुधारका थप उपायहरु अवलम्वन गर्ने,गराउने ।

(द) कुनै विशेष कारणबाट निर्धारित समयमा नियमित विद्यालय कक्ष सञ्चालन गर्न वा नियमित शैक्षिक गतिविधि गर्न बाधा परेमा बै कल्पिक विधिको पूर्वतयारी विद्यालय, समुदाय र अभिभावक

अभिमुखीकरण गर्ने ।

(ध) अभिभावक, समुदाय र विद्यालय समन्वय तथा परिचालन सम्बन्धी संघीय, प्रदेश तथा स्थानीय तहबाट तोकिएका अन्य कामहरु गर्ने र गराउने ।

२. **संरचनात्मक समन्वय गर्ने :**

(क) अभिभावक, समुदाय र विद्यालय संयोजन समितिले पालिकामा रहेका मौज्युदा शिक्षा सम्बन्धी संरचनाहरु गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बालक्लब, स्थानीय क्लबहरुसँग समन्वय र सहकार्य गरी कार्ययोजनाको कार्यान्वयन गर्नुपर्नेछ ।

(ख) उपदफा (१) बमोजिमको निम्न संरचनात्मक समन्वय क्षेत्र र मापदण्ड समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(अ) गाउँ शिक्षा समितिसँगको समन्वय क्षेत्रका मापदण्ड

(आ) वडा शिक्षा समितिसँगको समन्वय क्षेत्रका मापदण्ड

(इ) शिक्षा, युवा तथा खेलकुद शाखासँगको समन्वय क्षेत्रका मापदण्ड

(ई) विद्यालय व्यवस्थापन समितिसँगको समन्वय क्षेत्रका मापदण्ड

(उ) शिक्षक अभिभावक संघसँगको समन्वय क्षेत्रका मापदण्ड

(ऊ) बालक्लबसँगको समन्वय क्षेत्रका मापदण्ड

(ए) स्थानीय क्लबहरुसँगको समन्वय क्षेत्रका मापदण्ड

(ऐ) अन्य विभिन्न समितिहरुसँग समन्वयका मापदण्ड

(ग) समितिले संरचनात्मक समन्वय क्षेत्र र मापदण्ड कार्यान्वयन पुर्व संरचनात्मक क्षेत्र भित्रका सरोकारवालको सहमती, सहकार्य र अपनत्व भए नभएको, कानुन अनुसार बाझिएको नबाझिएको मिलेको वा नमिलेको रुजू गरेर कार्यान्वयन गर्नुपर्नेछ ।

**परिच्छेद : ४**

**संयोजन समितिको गठन सम्बन्धी व्यव्यस्था**

१. **गठन विधी**

परिच्छेद ४ बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) समितिको गठन प्रयोजनार्थ विद्यालयमा र समुदायमा कार्यरत सक्रिय शिक्षाकर्मी वा शिक्षक वा प्रधानाध्यापकहरु मध्येबाट १५ दिनको सूचना प्रकाशन गरी निम्न ढाँचाको कार्ययोजना साथ आवेदन माग गर्ने :

(अ) न्यूनतम तथा उच्चतम शैक्षिक योग्यता ।

(आ) कार्य अनुभव ।

(इ) आफ्नो विषय क्षेत्रको अनुभव ।

(ई) आफुले सम्पन्न गरेको कार्यहरुको लेख, रचना, सिर्जनात्मक कार्य अनुसन्धानात्मक कार्यको विवरण ।

(उ) समग्र गाउँपालिकाको शैक्षिक गुणस्तर तथा जीवन उपयोगी शिक्षा प्रदान गर्ने योजना ।

(ऊ) विद्यालय तथा समुदायमा आधारीत जीवन उपयोगी शिक्षाको विकास कार्ययोजना ।

(ए) सूचना तथा प्रविधि मैत्री कार्य क्षमता ।

(ख) आवेदक विज्ञ तथा अनुभवी शिक्षाकर्मीहरु मध्येबाट कार्ययोजनाको आधारमा पालिकाले छनौट गरेको १ जना वरिष्ठ शिक्षाकर्मी - संयोजक

(ग) आधारभूत तह तथा माध्यमिक तहमा कम्तिमा पाँच वर्ष आफ्नो विषयमा अध्यापन गरेका अब्बल र उच्च शैक्षिक उपलब्धी हासिल गरेका विषय शिक्षकहरु मध्येबाट तहगतरुपमा १/१ जना शिक्षक पर्ने गरी पालिकाले मनोनयन गरेका ३ जना - सदस्य

(घ) पालिकाले तोकेको स्रोत व्यक्ति वा व्यवसायकर्मी वा प्राविधिक विशेषज्ञ व्यक्तिहरु मध्येबाट शिक्षा समितिले मनोनित १ जना - सदस्य

(ङ) समितिको सदस्य मनोनयन गर्दा पालिकाको भौगोलिक र भेगीय अवस्थितीलाई समेत ध्यानमा राखी गर्नुपर्नेछ ।

(च) समितिको बैठकले १ जनालाई सदस्य सचिव तोक्नेछ ।

२. **संयोजक र सदस्यको पदावधि :**

(क) समितिको संयोजक र सदस्यको पदावधि दुई शैक्षिक सत्रको हुनेछ।

(ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि निजको अनुभव र समितिको काममा पुऱ्याउन सक्ने योगदान समेतका आधारमा संयोजक र सदस्यको जिम्मेवारी आवश्कता अनुसार परिवर्तन तथा हेरफेर गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन।

३. **समितिको बैठक सम्बन्धी कार्यविधी :**

(क) समितको बैठक त्रैमासिक रुपमा एक पटक अनिवार्य र वर्षमा न्युनतम ६ वटा बैठक बस्ने छ।

(ख) बैठक सञ्चालन सम्बन्धी कार्यविधी प्रचलित अभ्यास अनुरुप आफैले तय गर्नेछ।

(ग) समितिको बैठक समितिको संयोजकको निर्देशनमा सदस्य -सचिवले बोलाउनेछ।

(घ) समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य-सचिवले एक दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(ङ) समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(च) समितिको बैठकको अध्यक्षता संयोजकले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ।

(छ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(ज) समितिको बैठक सम्बन्धी अन्य कार्यविधी समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(झ) समितिको पदावधी २ शैक्षिक सत्रका लागी कायम हुनेछ।

४. **समितिको सदस्य हुन नसक्ने :**

देहायको व्यक्ति संयोजन समितिको सदस्य हुन सक्ने छैन :

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ङ) निजामति, प्रहरी, सेना वा सार्वजनिक संस्थामा बैतनिक रुपमा काम गर्ने बहालवाला कर्मचारी (निवृत्तिभरणमा बसेको व्यक्तिलाई सदस्य हुन बाधा पर्ने छैन ।)

५. **समिति विघटन गर्न सक्ने :**

देहायका अवस्थामा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले संयोजन समिति विघटन गर्न सक्नेछ :

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हित विपरित काम गरेमा,

(घ) विद्यालय-समुदाय सम्बन्धी क्रियाकलापहरु सन्तोषजनक रूपमा गर्न नसकेमा,

(ङ) सम्बन्धित तह र निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन उलंघन गरेमा ।

(च) राजनैतिक उद्देश्यले वा धार्मिक, साम्प्रदायीक उद्देश्यले विद्यालय-समुदायको सम्बन्धमा खलल पुऱ्याएमा ।

## परिच्छेद : ५
## संयोजन समितिको काम, कतव्र्य र अधिकार

१. **समितिको काम कर्तव्य र अधिकारहरु :**

परिच्छेद ४ बमोजिम गठन भएको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

(क) विद्यालय समुदाय सम्बन्ध विकासमा कार्ययोजना तयार गरी कार्यन्वयन गर्ने गराउने ।

(ख) आफ्नो पालिकाभरीको आवश्यकतालाई ध्यानमा राखी ३ तहको

जीवन सीप शिक्षा तथा पूर्वव्यवसायिक शिक्षाको कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

(ग) जीवन सीप शिक्षा र पूर्व व्यवसायिक शिक्षाको कार्यान्यवनमा समुदाय स्तरमा आवश्यक पर्ने सामाग्री, पाठ्वस्तु, तालिम, श्रोत-साधन आदिको व्यवस्थापन गर्ने ।

(घ) कार्यक्रमको प्रभावकारीताको अनुगमन तथा मुल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्ने ।

(ङ) विद्यालय-समुदाय सम्बन्धमा विभिन्न चरणको सीप, सस्कार र प्रविधी सहितको शिक्षाको महत्व र आवश्यकतालाई समुदाय र साझेदारहरुसँग छलफल तथा अर्न्तक्रिया सञ्चालन गर्ने ।

(च) विद्यालय-समुदायसँग सम्बन्धीत विभिन्न कार्यक्रममा योगदान दिन सक्ने व्यक्ति र समुहलाई कार्ययोजना सहित सहजिकरण गर्ने ।

२. **उपसमिति गठन गर्न सक्ने :**

(क) परिच्छेद ४ बमोजिम कार्यसम्पादनका क्रममा पालिकाबाट प्राप्त विषयमा बिषयगत समितिले छानविन एवम् बिशेष अध्ययन गर्न आवश्यक देखेमा कार्यक्षेत्र र समयावधी तोकी समितिका सदस्यको संयोजकत्वमा तीन सदस्य रहेको उपसमिति गठन गर्न सक्नेछ ।

(ख) परिच्छेद ५ बमोजिम गठित उपसमितिले निर्धारित समयमा समिति समक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(ग) उपसमितिले आफूलाई तोकिएको जिम्मेवारी पुरा गरे पश्चात उपसमिति स्वत : विघटन हुनेछ ।

(घ) प्रशिक्षकको व्यवस्थापन तथा विज्ञहरुको सेवा सुविधाको सम्बन्धमा स्थानीय तहको मापदण्ड बमोजिम नबढ्ने गरी उपलब्ध गराउने सकिनेछ ।

३. **लिड विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ :**

(क) सामान्यतया हरेक लिड विद्यालय स्रोतकेन्द्रको रुपमा रहनेछ ।

(ख) लिड विद्यालयको नेतृत्वले कार्यक्रम सञ्चालनका प्राविधिक र व्यवस्थापकीय कार्यहरु सम्पन्न गर्नु पर्नेछ ।

(ग) लिड विद्यालयमा फिडर विद्यालयका अभिभावक, शिक्षक तथा विद्यार्थीहरुलाई समेत समय समयमा अभिमुखीकरण कार्यक्रमहरु

सञ्चालन गर्नुपर्नेछ।

(घ) लिड विद्यालयका प्रधानाध्यापक मुख्य जिम्मेबार व्यक्ति रहनेछ।

(ङ) लिड विद्यालयले पालिकाबाट माग तथा तोकिए बमोजिम आवश्यक सुचना तथा प्रतिवेदन लगायतका तयारी कागजातहरु समयमै बुझाउनु पर्नेछ।

(च) लिड विद्यालयले फिडर विद्यालयका सूचना, स्रोत साधन तथा समस्याहरुलाई यथासक्य सम्बोधन गर्ने प्रयत्न गर्नुपर्दछ।

(छ) यस कार्यविधी बमोजिमका समग्र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनको सन्र्दभमा लिड विद्यालयको प्रधानाध्यापक, बाल क्लब, शिक्षक अभिभावक तथा स्थानीय संघसस्थाका प्रतिनिधिहरुलाई समेत समेटेर १ उपसमिति गठन गरी सहकार्य र यस कार्यविधीको उद्देश्य बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्न गराउन लिड विद्यालयले नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्नेछ।

## परिच्छेद : ६

## विद्यालय समुदाय सम्बन्ध प्रबर्द्धन कार्यक्रमहरु

१. **विद्यालय समुदाय सम्बन्धमा आधारित साझेदारी कार्यक्रमहरु देहाय बमोजिम हुनेछन् :**

(क) जनचेतनामूलक कार्यक्रमहरु

(ख) सूचना र सञ्चार सम्बन्धी कार्यक्रमहरु

(ग) प्रविधिको उपयोग सम्बन्धी कार्यक्रमहरु

(घ) बहुआयमिक साक्षरता सम्बन्धी कार्यक्रमहरु

(ङ) खेलकुदमा आधारित कार्यक्रमहरु

(च) सास्कृतिक कार्यक्रमहरु

(छ) पेसा र व्यवसाय पवर्द्धन गर्ने कार्यक्रमहरु

(ज) उत्पादनमूलक तथा बजारीकरण सम्बन्धी कार्यक्रमहरु

(झ) स्थानिय संघसस्थासँग विशिष्ट उद्देश्य सहित साझेदारी गरिने कार्यक्रमहरु उल्लेखित कार्यक्रमहरु सञ्चालनका विधि र प्रक्रियाहरु अनुसूची १ देखि १७ सम्म तोकिएको मापदण्ड अनुसार हुनेछ।

२. **पालिका स्तरीय अभिभावक, समुदाय र विद्यालयबीचको समन्वय र**

**परिचालन :**

(क) गाउँपालिकाले आवश्यकताका आधारमा केन्द्रीकृत वा विकेन्द्रित रुपमा अभिभावक, समुदाय र विद्यालय समन्वय र परिचालन गर्न सक्नेछ। गाउँपालिका भित्र रहेका आधारभूत र माध्यामिक तहका विद्यालय शिक्षालाई बालमैत्री, समय सापेक्ष, स्थान सुहाउँदो, सीप तथा प्रविधियुक्त, जीवनउपयोगी र सामुदाय केन्द्रित बनाउनका लागि अभिभावक, समुदाय र विद्यालय समन्वय समिति गठन गर्नेछ।

(ख) अभिभावक, समुदाय र विद्यालय समन्वय समितिले सम्बन्धित विषयका विशेषज्ञहरुलाई विशेषज्ञ सेवा, शाखामा कार्यरत कर्मचारी, विद्यालयका प्रधानाध्यापक, अभिभावक, शिक्षाप्रेमी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारी, विद्यालयका शिक्षक, स्थानीय युवा तथा समुदायका सदस्य र गाउँपालिका अन्य कर्मचारीहरुलाई आबश्यकता अनुसार समितिको बैठकमा आमन्त्रण गर्ने र समुदाय, अभिभावक र विद्यालय समन्वय तथा परिचालन सम्बन्धी कार्य जिम्मेवारी प्रदान गर्न सक्नेछ।

३. **विद्यालय–समुदाय सहकार्यका सम्भावित कार्यक्रमहरू**

विद्यालय र समुदायबीचको सम्बन्धलाई सुदृढ पार्नका लागि विभिन्न सहकार्यका कार्यक्रमहरू आयोजन गर्न सकिनेछ। यी कार्यक्रमहरूले विद्यार्थीहरूलाई शिक्षा र समुदायबीचको सम्बन्धलाई बुझ्न सहयोग पुर्याउँछ।

(**क**) **शैक्षिक मेलाहरू (Educational Fairs) :**

विद्यालयले समुदायका लागि शैक्षिक मेलाहरूको आयोजना गर्न सक्छ। यसमा विद्यार्थीहरूको प्रोजेक्ट प्रदर्शनी, शिक्षकहरूको शै क्षिक सामग्री प्रदर्शन, र अभिभावकहरूसँग परामर्श कार्यक्रमहरू समावेश गर्न सकिनेछ।

(ख) सफाई अभियान (Cleanliness Campaigns) :

विद्यालय र समुदाय मिलेर स्थानिय क्षेत्रको सरसफाई अभियान सञ्चालन गर्न सकिनेछ। यसले वातावरणीय सचेतना बढाउँछ र विद्यार्थीहरूलाई सामाजिक जिम्मेवारीको अनुभव गराउँछ।

(ग) स्वास्थ्य शिविर (Health Camps) :

विद्यालयले समुदायका लागि स्वास्थ्य शिविरहरूको आयोजना गर्न सकिनेछ। यसमा निःशुल्क स्वास्थ्य जाँच, रक्तदान कार्यक्रम, र स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रमहरू समावेश गर्न सकिनेछ।

(घ) संस्कृतिक कार्यक्रम (Cultural Programs) :

विद्यालयले विभिन्न संस्कृतिक कार्यक्रमहरूको आयोजना गरेर स्थानिय संस्कृतिको प्रवर्द्धन गर्न सकिनेछ । यसमा नृत्य, संगीत, नाटक, र स्थानिय परम्परागत खेलहरूको समावेश गर्न सकिनेछ।

(ङ) साक्षरता अभियान (Literacy Campaigns) :

विद्यालयले समुदायमा साक्षरता अभियान सञ्चालन गर्न सकिनेछ। यसमा असाक्षर व्यक्तिहरूलाई पढ्न र लेख्न सिकाउने कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ।

(च) कृषि मेलाहरू (Agricultural Fairs) :

ग्रामीण क्षेत्रमा विद्यालयले कृषि मेलाहरूको आयोजना गर्न सकिनेछ । यसमा आधुनिक कृषि प्रविधिहरूको प्रदर्शन, कृषकहरूसँग परामर्श, र कृषि उत्पादनहरूको बिक्री मेला सञ्चालन गर्न सकिनेछ।

(छ) खेलकुद प्रतियोगिता (Sports Competitions) :

विद्यालयले समुदायका लागि खेलकुद प्रतियोगिताहरूको आयोजना गर्न सकिनेछ। यसले विद्यार्थी र समुदायबीचको सम्बन्धलाई सुदृढ बनाउँछ र स्वस्थ्य जीवनशैलीको प्रोत्साहन गर्दछ।

(ज) प्राविधिक तथा सीपमुलक तालिम (Technical Training) :

विद्यालयले समुदायका लागि विभिन्न प्राविधिक तालिम कार्यक्रमहरूको आयोजना गर्न सकिनेछ। यसमा कम्प्युटर तालिम, सीप विकास तालिम, र रोजगारमूलक तालिमहरू समावेश गर्न सकिनेछ।

(झ) करियर परामर्श (Carrer Counsoling) :

विद्यार्थीहरुको रुची, क्षमता र प्राविधिक तयारीलाई करियर र पेसा व्यवसायसँग जोड्दै जीवनका लक्ष्य र उद्देश्यहरुको छनोटमा

सहजीकरण गर्ने कार्यशाला, अभिमुखिकरण कार्यक्रम तथा अभियान सञ्चालमा समुदायसँग साझेदारी गर्दै वृहतर कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद : ७

## प्रविधी र नविनतम अभ्यासमा आधारित कार्यक्रमहरु

१. **प्रविधी र नविनतम अभ्यासमा आधारित कार्यक्रमहरुको सन्दंभ र आवश्यकताका विषयमा देहाय बमोजिम हुनेछ :**

(क) भविष्यमा १० वर्ष पछि वा २० वर्ष पछि आवश्यक पर्ने स्रोत, सीप र पूर्वधार सम्बन्धी कार्यक्रमहरु छलफल तथा अर्न्तक्रिया मार्फत तय गर्न सकिनेछ।

(ख) वित्तिय तथा विद्युतिय साक्षरता सम्बन्धी कार्यक्रमहरु तय गर्न सकिनेछ।

(ग) कृषि, पर्यटन र स्थानिय उत्पादनलाई आधुनिक प्रविधिसँग जोड्ने कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

(घ) विज्ञान र प्रविधीमा आधारित प्रयोगशाला तथा प्रयोगात्मक कार्यहरु तय गर्नुपर्नेछ।

(ङ) विश्व बजारमा देखिएका नविनतम प्रविधी र सूचनाहरु विद्यालय र समुदायमा छलफलमा ल्याउनु पर्नेछ।

(च) दफा १ बमोजिमका कार्यक्रमहरुलाई अनुसूची ७ बमोजिम कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने छ।

२. **नविन कार्यक्रम तथा अभ्यास पेश गर्ने :**

(क) समितिले अभिभावक, समुदाय र विद्यालय समन्वय तथा परिचालन अभिवृद्धिका लागि नविन कार्यक्रम तथा असल अभ्यासको खोज, अनुसन्धान तथा विकास गर्नुपर्नेछ। यस्ता खोज, अनुसन्धान तथा अभ्यासहरु स्थान सुहाउदो, बालबालिका केन्द्रित, सिकाइ उपलब्धिमा आधारित, सीपयुक्त र जीवन उपयोगी हुनपर्नेछ। साथै, यस्ता अभ्यास पालिका, प्रदेश र संघीय शिक्षाको लक्ष्य, उदेश्यसँग ऐक्यवद्ध हुनपर्नेछ। विपद् तथा संकटको समयमा निरन्तर सिकाइ तथा शैक्षिक क्षति न्युनिकरणका विकल्पहरुलाई समावेश गरेको हुनुपर्नेछ।

(ख) समितले निम्न बमोजिम कार्यहरु हरेक बर्षको कार्ययोजनामा समावेश गरी निरन्तर कार्यान्वयन गर्दै लैजानुपर्नेछ।

(अ) एक विद्यालय एक खेलको विकास

(आ) एक विद्यालय एक सीप विकास

(इ) एक विद्यालय एक स्थानीय संग्रहालयमा आधारित सिकाइ अभ्यास

(ई) परियोजना र डिजिटल प्रविधिमा आधारित सिकाइ अभ्यास

(उ) एकिकृत सिकाइ अभ्यास

३. **विद्यार्थीहरुका रुची र दक्षताका क्षेत्रहरु पहिचान कार्यक्रम देहाय बमोजिम तय गरिनेछ :**

(क) विद्यार्थीहरुका विशिष्ट रुची र क्षमताहरु सर्वेक्षण मार्फत अभिलेख गरी प्राथमिकता तय गर्नुपर्नेछ।

(ख) विद्यार्थी तथा अभिभावकका रुची र आवश्यकताहरुलाई समन्वय गर्ने गरी रचनात्मक क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ।

(ग) करियर परामर्श सम्बन्ध कार्यक्रम सञ्चालन गर्दा पारिवारीक अवस्था समुदायीक अवस्था र बालबालिकाको विशिष्ट क्षमतालाई ध्यानमा राखेर सञ्चालन गर्नुपर्नेछ।

(घ) करियर विकासको व्यक्तिगत कार्ययोजना तय गर्न विद्यार्थीहरुलाई प्रेरित गर्नुपर्नेछ।

## परिच्छेद : ८

## बालमैत्री विद्यालय, सामुदायिक आचारसंहिता र मापदण्ड

१. बालकालिकाको चौतर्फी विकासमा पालिका क्षेत्रभित्र सबै साझेदारहरुले पालन गर्नुपर्ने सामुदायिक आचारसंहिता तथा मापदण्ड देहाय बमोजिम हुनेछ :

(क) बालबालिकासँग गरिने बोली, व्यवहार र आचरण सम्बन्धी कार्य र विधिहरु अनुसूची ८ बमोजिम हुनेछ।

(ख) बालबालिकाहरुलाई हुनसक्ने विभिन्न प्रकारमा दुव्यवहार र हिंसाहरु अनुसूची ८, ९ र १० बमोजिम बन्देज लगाइने छ।

(ग) अभिभावक र छरछिमेकहरुले बालकालिकाको विकासमा सामुहिक रुपमा गर्नुपर्ने पहलहरु अनुसूची ८, ९ र १० बमोजिम हुनेछ।

२. सामुदायिक आचारसंहिताहरु पालन भए नभएको गुनासो, अनुगमन तथा पृष्टपोषण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) गुनासो र पृष्ठपोषण सम्बन्धी विधि अनुसूची ११ बमोजिम हुनेछ।

(ख) आचारसंहिता पालन नभएको अवस्थामा अनुसूची १०, ११ र १२ बमोजिम दण्ड र जरिवाना हुनेछ।

**३. बालमैत्री विद्यालय र बालमैत्री समुदाय मापदण्ड**

(क) बालमैत्री विद्यालय :

(अ) गाउँपालिका भित्र संचालन भएका आधारभूत तथा माध्यामिक विद्यालय बालमैत्री विद्यालय हुनेछन् । बालबालिकालाई भयरहित वातावरणमा सिकाइ गर्नका लागि बालमैत्री विद्यालयको संघीय, प्रदेशिक तथा स्थानीय मानङ्कहरु समावेश गरी समितिले बालमैत्री विद्यालयको मापदण्ड निर्धारण गर्नेछ। बालमैत्री विद्यालयको मापदण्ड अनुसूची १ र २ बमोजिमको हुनेछ।

(आ) गाउँपालिका भित्र रहेका हरेक विद्यालयमा बालमैत्री विद्यालयका मापदण्ड अनुसार कार्यान्वयन गर्न छलफल, अभिमुखीकरण तालिम तथा सूचनापाटीको व्यवस्था गरिएको हुनुपर्नेछ।

(इ) हरेक विद्यालयमा बालबालिकाले आफुलाई परेको गुनासो, पिरमर्का राख्न गुनासो पेटीकाको व्यवस्था हुनेछ।

(ख) बालमैत्री समुदाय मापदण्ड

(अ) दफा ८ बमोजिम गाउँपालिका भित्र रहेका समुदायहरु बालमैत्री बनाउन अनुसूची २ बमोजिमको मापदण्ड कार्यान्वय हुनेछन् । बालबालिकालाई भयरहित वातावरणमा विद्यालय, घरपरिवार र समुदायमा सिकाइ गर्न सक्ने बालमैत्री विद्यालयको संघीय, प्रदेशिक तथा स्थानीय मानङ्कहरु समावेश गरी समितिले बालमैत्री समुदायको मापदण्ड निर्धाणरण गर्नेछ।

(आ) गाउँपालिका भित्र रहेका हरेक समुदायमा बालमैत्री समुदयका मापदण्ड कार्यान्वयन गर्न छलफल, अभिमुखीकरण तालिम तथा

सूचनापाटीको व्यवस्था गरिएको हुनुपर्नेछ ।

(इ) बालमैत्री समुदायको मापदण्ड अनुसार काम भए नभएको अनुगमन यसै समितिबाट वा समितिले तोकेको पदाधिकारीबाट गर्नुपर्ने हुन्छ ।

(ई) हरेक समुदायमा बालबालिकालाई पाएक पर्ने स्थानमा बालबालिकालाई परेको गुनासो, पिरमर्का, घरेलु हिंसाको बिरुद्ध उजुरी गर्न वा गुनासो गर्न गुनासो पेटीकाको व्यवस्था हुनेछ ।

## परिच्छेद : ९

## सामाजिक समस्या, जनचेतना र सुधारउन्मुख कार्यक्रमहरु

संयोजन समितिले यस कार्यविधीको उद्देश्य अनुसार निम्न लिखित क्षेत्रमा कार्यक्रमहरु पहिचान गरी कार्य गर्नुपर्नेछ ।

१. **जनचेतना तथा सचेतना कार्यक्रम**

(क) बालमैत्री सिकाइ अभ्यासको प्रभावकारी कार्यान्वयन गर्नका लागि समुदाय, अभिभावक र विद्यालयबीचको सहकार्य सकारात्मक र नकरात्मक विभेद खुलाई समुदाय स्तरमा जनचेतना तथा सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

(ख) जनचेतना तथा सचेतनाका कार्यक्रमहरुमा अभिभावकको शैक्षिक चेतना अभिबृद्धि गर्न, शैक्षिक हानी नोक्सानीको लेखाजोखा राख्न, अभिभावकलाई बालबालिका प्रतिको जवाफदेहिता, बालबालिकालाई श्रमशोषण, घरेलु हिंसा मुक्त बनउन, अभिभावकले मादकपदार्थ, धुम्रपान तथा सूर्तिजन्य पदार्थको सेवनबाट बालबालिकामा पर्ने असर र क्षति, बालबालिकाकालाई विद्यालय शिक्षाको लागि आवश्यक पर्ने सर सामग्रीको लेखाजोखा तथा व्यवस्थापन गर्ने उपाय, बालबच्चा स्याहार तथा पोषण जस्ता विषयमा विद्यालय तह देखि समुदाय स्तर सम्म विभिन्न छलफल, सूचना सम्प्रेषण, भेला, गोष्ठिको आयोजना गरिनेछ ।

२. सामाजिक समस्यासँग सम्बन्धित कार्यक्रमहरुलाई रचनात्मक र सिर्जनात्मक रुपमा विद्यालय र समुदायको सहभागितामा देहाय बमोजिम गर्न सकिन्छ :

(क) समुदायमा रहेका समस्याहरुलाई प्राथमिकताको सूची तय गर्ने ।

(ख) ती समस्याहरुलाई आपसी छलफलबाट सञ्चालन गर्न सकिने रचनात्मक कार्यहरुको सूची तयार गर्ने ।

(ग) घर, परिवार र टोल समितिहरुमा पालना गर्नुपर्ने आचारसंहिता छुट्टा छुट्टै तयार गर्ने ।

(घ) समुदायमा रहेका विज्ञ र अनुभवी सामाजिक व्यक्तित्वहरुलाई स्रोत व्यक्तिको रुपमा परिचालन गर्ने ।

(ङ) समुदायमा देखिएका विकृति, विसङ्गती, दुर्व्यसनी, दुर्व्यवहार र हिंसाहरुको कारण र परिणामका विषयमा छलफल तथा अन्र्तक्रिया गरी समस्या समाधानका लागि रचनात्मक विधिहरु प्रस्तुत गर्ने र तदअनुरुप कार्यान्वयन गर्ने ।

३. जनचेतना सम्बन्धी कार्यक्रमरु सञ्चालनमा देहाय बमोजिमका कार्य गर्न सकिनेछ :

(क) स्थानीय टोल सुधार समिति, क्लब तथा सहकारी वा व्यवसायीक संस्थाहरुसँग विशिष्ट रुपमा साझेदरी गर्न सकिनेछ ।

(ख) विद्यालय आफैले यस्ता कार्यक्रमहरु तय गर्न सक्नेछ ।

(ग) जनचेतना सम्बन्धी कार्यक्रमहरुको कार्ययोजना तथा ढाँचा अनुसूची ६ बमोजिम हुनेछ ।

## परिच्छेद : १०

## आय आर्जनमा आधारित कृषि, पर्यटन तथा उत्पादन मुलक कार्यक्रमहरु

संयोजन समितिले यस कार्यविधीको उद्देश्य अनुसार निम्न लिखित क्षेत्रमा कार्यक्रमहरु पहिचान गरी कार्य गर्नुपर्नेछ ।

१. **स्थानीय ज्ञान, सीप र अभ्यासको पहिचान** :

(क) विद्यालयको ज्ञानलाई जनस्तरको ज्ञानसँग जोड्ने र जनस्तरको ज्ञानलाई विद्यालयको ज्ञानसँग जोड्ने स्थानीय ज्ञान, सीप र अभ्यासको पहिचान गर्नुपर्नेछ ।

(ख) समुदाय, अभिभाव र विद्यालयको समन्वय र परिचालनमा प्रभावकारीता र दीर्घकालीनता ल्याउनको लागि स्थानीय ज्ञान, सीप, र अभ्यासमा पोख्त भएका स्थानीय विज्ञ वा ज्ञानकर्ताहरुको पहिचान गरी विद्यालयमा स्रोत शिक्षकको रुपमा उपयोग गर्नुपर्नेछ ।

(ग) स्थानीय समस्या, सम्भावना र विगत, वर्तमान र भविष्यको बारेमा बालबालिकालाई जानकार र सक्षम बनाउनका लागि खोज संकलनमा आधारित स्थानीय संङ्ग्रहालयको निर्माणमा आधारीत सिकाइ गतिविधिलाई कार्यान्वयनको लागि स्थानीय जनस्तरको ज्ञान, सीप र अभ्यासलाई पहिचान गनुपर्नेछ।

(घ) विद्यालयले स्थानीय स्तरका समस्या, समाधान र सम्भावनाको बारेमा बालबालिकाहरुलाई जोडन समुदायिक सिकाइ सम्बन्धि विभिन्न अभ्यास तथा कृयाकलापहरु निर्माण गरी कार्यान्वयनका लागि समुदायका ज्ञान, सिप र अभ्यासको पहिचान गर्नुपर्नेछ।

(ङ) गाउँपालिकाले कार्यान्वयन गरिरहेको आधारभूत तहका स्थानीय पाठ्यक्रमको कार्यान्वयनको प्रभावकारीता तथा सुधार गर्नुपर्ने पक्षहरुमा पष्ठपोषण दिनुपर्नेछ।

२. **एक विद्यालय एक खेलकुद र एक सीप विकास**

(क) गाउँपालिका भित्र संञ्चालन भएका विद्यालयहरुमा एक विद्यालय एक खेलकुद कार्यक्रमको कार्यान्वयन गर्नुपर्ने छ। एक विद्यालय एक खेलकुद कार्यक्रमको संचालन ढाँचा अनुसूची ३ बमोजिमको हुनेछ।

(ख) गाउँपालिका भित्र रहेका विद्यालयमा एक सीप एक विद्यालय कार्यक्रमको कार्यान्वयन गर्नुपर्नेछ । एक विद्यालय एक सीप कार्यक्रम संचालनको मापदण्ड अनुसूची ४ बमोजिम हुनेछ।

(ग) एक खेलकुद र एक सीप विकास कार्यक्रम विद्यालयले स्थानीय भूगोल, अवस्था र आवश्यकता अनुसार छनौट गर्नेछन् र संयोजन समितिले कार्यान्वयनको लागी सहजिकरण गर्नुपर्नेछ।

३. **विद्यालयमा साधन स्रोत व्यवस्थापन स्थानीय स्वंयमसेवक परिचालन अभियान** :

विद्यालयमा साधन स्रोत व्यवस्थापन गर्न मुठ्ठीदान, स्वैच्छिक दान, चन्दा दान, श्रमदान जस्ता गतिविधीबाट स्थानीय स्वंयमसेवक अभियान पालिका तहमा कार्यान्वयन गर्नुपर्नेछ। स्थानीय स्वंयमसेवक परिचालन अभियान संचालनको मापदण्ड अनुसूची ५ बमोजिम हुनेछ।

४. **कृषि, पर्यटन र आय आर्जनसँग सम्बन्धी कार्यक्रमहरु विद्यालय–समुदाय**

**सम्बन्ध विकासमा देहाय बमोजिम गर्न सकिनेछ :**

(क) पालिका भित्र रहेका स्थानीय संघसस्था, कृषि समुह तथा सहकार ीसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

(ख) स्थानीय संघसस्था तथा समुहहरुले प्रदान गर्नसक्ने सेवा र योगदानलाई अनुसूची १५ र १६ बमोजिम योजना बनाउने ।

(ग) विद्यालयलाई समुदायले सम्पन्न गरेका असल र राम्रा अभ्यासहरुको अवलोकन तथा सहकार्यको लागि स्थलगत परियोजना कार्य तयार गर्ने ।

(घ) समुदायका विषयगत तथा क्षेत्रगत स्थानीय अनुभवी कालिगड, कलाकार, उद्यमी, सीप प्रशिक्षक, स्रोत व्यक्ति तथा व्यवसायीहरुलाई प्राथमिकताका साथ यस सहकार्यमा जोड्ने ।

(ङ) बालबालिका र समुदायका विकासात्मक कार्यहरुलाई निरन्तर अर्न्तक्रिया गर्दै दिगो सहकार्यको सस्कृति निर्माण गर्ने ।

५. **विद्यार्थी कल्याणकोष निर्माणमा**

लिड विद्यालयले सञ्चालन गरेका विभिन्न आय आर्जनमुलक कार्यक्रमहरु मार्फत प्राप्त रकम विद्यार्थी कल्याणकोष निर्माण गरी सञ्चालनमा ल्याउनुपर्नेछ । यस सम्बन्धी व्यवस्था पालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद : ११
## विविध

१. **विद्यालय – समुदाय सम्बन्ध संयोजन समितिको उत्तरदायित्व**

यस कार्यविधीमा उल्लेख गरिएका समितिको सम्पूर्ण क्रियाकलापहरु सम्पादन गर्ने क्रममा गाउँ शिक्षा समिति र शिक्षा, युवा तथा खेलकुद शाखाको मातहतमा रही कार्य गर्नुपर्नेछ ।

२. **समितिको सचिवालय**

समितिको सचिवालय तोकिएको विद्यालय वा शिक्षा, युवा तथा खेलकुद शाखा वा गाउँपालिका तोकिदिएको स्थानमा रहनेछ ।

३. **समितिलाई आवश्यक पर्ने बजेट व्यवस्था**

(क) समितिको बैठक सञ्चालन तथा समितिको कार्य सम्पादन गर्न,

कामसँग सम्बन्धित विषयमा अध्ययन, अनुगमन वा छानविन गर्न आवश्यक पर्ने बजेट वार्षिक योजनामा समावेश गरी गाउँपालिकाले उपलब्ध गराउने छ ।

(ख) समितिका सदस्यहरुको बैठक भत्ता एक पटकको रु. ५०० को दरले हुनेछ ।

(ग) अन्य पारिश्रमिक सम्बन्धी व्यवस्था गाउँपालिका तथा शाखाको निर्णय बमोजिम हुनेछ ।

४. **सूचना तथा कागजात उपलब्ध गराउनु पर्ने**

(क) गाउँपालिका एवम् शाखाले माग गरेको बखत समितिले आफ्नो कामसँग सम्बन्धित विषयमा सूचना वा कागजात उपलब्ध गराउनु पर्नेछ । साथै, समितिलाई आवश्यक पर्ने सूचना वा कागजात गाउँपालिका वा शाखाले उपलब्ध गराई सहजिकरण गर्नुपर्ने छ ।

(ख) समितिका निर्णय, अभिलेख तथा कागजात पालिका वा शाखाको अनुमतिमा मात्र प्रकाशन गर्न वा सार्वजनिक गर्न सकिनेछ ।

५. **स्थलगत भ्रमण गर्न सक्ने**

समितिको निर्णय अनुसार संयोजक वा सदस्यले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा अध्यक्षको स्वीकृतमा वा जानकारीमा गाउँ पालिकाभित्रको कुनै कार्यस्थल तथा आयोजना स्थलमा भ्रमण गर्न सक्नेछ ।

६. **कार्यतालिका तथा कार्यविधीको पालना**

(क) समितिले आफ्नो कार्यसम्पादनलाई व्यवस्थित गर्न कार्यतालिका शैक्षिक सत्रको सुरुमै स्वीकृत गरी लागू गर्नुपर्नेछ ।

(ख) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्यतालिका तथा यस कार्यविधीको पालना गर्नु सबै सदस्यको कर्तव्य हुनेछ ।

(ग) पालिकाबाट स्वीकृत कार्यक्रम शाखामार्फत समितिले लागु गर्नेछ। थप नयाँ कार्यक्रम गर्नुपरेमा शाखा मार्फत पालिकाबाट स्वीकृत गराई लागु गर्नुपर्नेछ ।

७. **समितिको अभिलेख राख्नु पर्ने**

(क) समितिले आफूले सम्पादन गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(ख) समितिले आफ्नो कार्यक्षेत्र भित्रको कुनै काम, कारवाहीको सम्बन्धमा प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने अभिलेखहरु सार्वजनिक गर्नु हुँदैन।

(ग) समितिमा भएको छलफल, निर्णय र कामकारवाहीसँग सम्बन्धित अभिलेख समिति सचिव मार्फत् सचिवालयले व्यवस्थित गरी राख्नेछ।

## ८. कार्यविधीको संशोधन

यस कार्यविधीमा कार्यपालिकाले आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ।

## ९. आवश्यक व्यवस्था गर्न सक्ने

यस कार्यविधीको कार्यान्वयनमा कुनै वाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्यवस्था गरी वाधा अड्काउ फुकाउन सक्नेछ।

## १०. प्रतिवेदन व्यवस्था

समितिले निम्न कार्यहरुको प्रगति विवरण सहित वार्षिक रुपमा शाखा मार्फत पालिकामा प्रतिवेदन गर्नुपर्नेछ :

(क) सम्बन्धीत कर्यक्षेत्रमा भएका कार्यहरुको स्वमूल्याङ्कन फारामहरु समाविष्ट अभिलेखन,

(ख) विद्यालयको सीप सिकाई समय परिपालना, शिक्षण प्रभावकारीता सहितको अवस्था अभिलेखन,

(ग) अभिमुखिकरण, तालिम, परामर्श, मेन्टरिङ कार्यको प्रगति प्रतिवेदन,

(घ) विद्यार्थीको व्यवहार परिवर्तत तथा सिकाई उपलब्धी विश्लेषण सहितको प्रतिवेदन,

(ङ) विषयगत अतिरिक्त क्रियाकलापहरु, शैक्षिक मेला, प्रतिभा पहिचान आदि कार्यको प्रतिवेदन,

(च) समुदायसँग गरिएका विभिन्न साझेदारी कार्यक्रमहरुको अवस्था र प्रगती प्रतिवेदन,

(छ) विद्यार्थीहरुको सामुदायिक कार्यक्रमहरुाम सहभागिता तथा उपलब्धीको विवरण

(ज) कार्य सम्पादन गर्दाको अनुभव सहितको पृष्ठपोषण,

(झ) विद्यार्थी तथा अभिभावकका अपेक्षा तथा गुनासाहरु,

(ञ) सदस्यले गरेका प्रतिविम्बन, कार्यमुलक अनुसन्धान तथा नवप्रवर्धनात्मक कार्यको प्रतिवेदन ।

११. **प्रोत्साहन सम्वन्धी सिफारिस**

समितिले कार्यसम्पन्न गर्ने क्रममा जिम्मेवारी बहन गरेका व्यक्तिहरुको कार्य सम्पादन प्रभावकरीता, नव प्रवर्द्धनात्मक कार्य, समुदायको कार्यअनुभूती, देखिएका परिवर्तनहरु आदि सहितको आधारमा सम्बन्धीत व्यक्तिलाई प्रोत्साहन गर्न सिफारिस गर्नसक्नेछ।

१२. **अन्य व्यवस्था :**

(क) बाधा अड्काउ फुकाउने अधिकार : यो कार्यविधी कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ पर्न आएमा यो कार्यविधीमा उल्लेख नभएको विषयका सम्बन्धमा कुनै व्यवस्था गर्न आबश्यक परेमा सम्बन्धित कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) बाझिएको अमान्य : यस निर्देशिकाको कुनैं व्यवस्था प्रचलित संघीय तथा प्रदेश वा कानुन सँग बाझिएको हदसम्म कार्यविधीको व्यवस्था अमान्य हुनेछ ।

## विद्यालय – समुदाय सम्बन्ध तथा बालबालिकाको विकासमा सामुदायिक कार्यक्रम तथा आचारसंहिता सम्बन्धी अनुसूचीहरु

**१. बालमैत्री विद्यालयको लागि स्थानिय प्रतिवद्धता**

यस सम्बन्धी व्यवस्था निम्न अनुसार हुनेछ :

(क) बालबालिकाको भाषा विकास सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

(ख) बालबालिकाको सम्वेग विकास सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

(ग) बालबालिकाको खेल विकास सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

(घ) बालबालिकाको सुचना प्रविधिको विकास सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

(ङ) बालबालिकाको सामुदायिक खेल, सहभागिता र प्रोत्साहान सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

(च) बालबालिकाको सामुदायिक स्वास्थ्य, सुरक्षा, सहभागिता र प्रोत्साहान सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

(छ) बालबालिकाको जिवनउपयोगी सीपविकास सहभागिता र प्रोत्साहान सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

**२. बालमैत्री समुदायको लागि स्थानिय प्रतिवद्धता**

यस सम्बन्धी व्यवस्था निम्न अनुसार हुनेछ :

(क) बालबालिकाको भाषा विकास सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

(ख) बालबालिकाको सम्वेग विकास सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

(ग) बालबालिकाको खेल विकास सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

(घ) बालबालिकाको सुचना प्रविधिको विकास सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

(ङ) बालबालिकाको सामुदायिक खेल, सहभागिता र प्रोत्साहान

सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

(च) बालबालिकाको सामुदायिक स्वास्थ्य, सुरक्षा, सहभागिता र प्रोत्साहान सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

(छ) बालबालिकाको जिवनउपयोगी सीपविकास सहभागिता र प्रोत्साहान सम्बन्धी न्यूनतम प्रयत्न र तयारी गरिनेछ।

३. विद्यालय खेलकुद संचालनको विवरण

| क्रं.सं. | विद्यालयको नाम | मुख्य खेल | तह | समय | स्थान |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |

४. एक विद्यालय एक सीप कार्यक्रम संचालनको विवरण

| क्रं.सं. | विद्यालयको नाम | मुख्य सीप | तह | समय | स्थान |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |

५. स्थानीय स्वंयमसेवक परिचालन अभियान संचालनको विवरण

विद्यालयको नाम : .............................. ठेगाना : ...................

| क्रं.सं. | सामुदायिक स्वंयमसेवकको नाम | मुख्य जिम्बेवारी | समय, मिति र स्थान |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |

६. समुदायमा सञ्चालन गर्ने कार्यक्रमको तयारी र ढाँचा

समुदायमा गरिने क्रियाकलापको सञ्चालन र तयारी सम्बन्धी निम्न बुँदाहरूको तयारी र प्रक्रिया पूरा गर्नुपर्ने छ :

(क) कार्यक्रम तयारी समिति

(ख) कार्यक्रमको सञ्चालन कार्यतालिका

(ग) विद्यालय र समुदाय बिच गरिने यस कार्यक्रमका सकरात्मक पक्षहरूको सूची

(घ) कार्यक्रममा सहभागि हुने अथितिहरूको सूची

(ङ) स्वयमसेवकहरूको सूची र कार्यविभाजन

(च) आवश्यक सामग्रीहरूको तयारी र विवरण

(छ) कार्यक्रम सञ्चालक तथा वक्ताहरूको लागी सहजीकरण जानकारी

(ज) कार्यक्रमको सार्वजनिक सूचनाको विवरण

(झ) पुरस्कार र प्रमाणपत्रहरूको तयारी

(ञ) कार्यक्रम सम्बन्धी समाचारको तयारी

(ट) अथितिहरूलाई निमन्त्रणाको तयारी

(ठ) कार्यक्रमको व्यवस्थापन सम्बन्धी तयारी

(ड) पूर्व तयारी र प्रशिक्षण सम्बन्धी व्यवस्था

(ढ) बाल बालिकाहरूलाई सहजीकरण गर्नुपर्ने बुँदा र तयारीहरू

(ण) अभिभावकलाई सूचित गर्नुपर्ने बुँदाहरू

(त) अन्य

## ७. नविनतम कार्यक्रमहरुको संक्षिप्त खाका

| क्रं.सं. | नविनतम कार्यक्रमको नाम | मुख्य विशेषता | मुख्य जिम्बेवारी |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |

## ८. बालबालिकासँग गरिने वा गर्नहुने आचरणहरुको सूची

| क्रं.सं. | बालबालिकासँग गर्नहुने आचरणहरूको सूची | बालबालिकासँग गर्ननहुने आचरणहरूको सूची |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |
| ८. | | |
| ९. | | |
| १०. | | |

## ९. अभिभावक र छरछिमेकले बालबालिकाको सम्बन्धमा पालना गर्नुपर्ने आचारसंहिता

यस सम्बन्धी व्यवस्था निम्न अनुसार हुनेछ :

(क) अभिभावक, टोल तथा छरछिमेकका व्यक्तिहरू सहभागी भई आचार संहिता सम्बन्धी छलफल गरीनु पर्ने ।

(ख) विद्यालय र अभिभावक बिचको छलफललाई टिपोट गर्ने तथा माइनोट गर्ने ।

(ग) अनुगमनको विधि तय गर्ने

(घ) भाषा र शैलीको सूची बनाउने

(ङ) अभिमुखिकरण तालिम सञ्चालन गर्ने

(च) सकरात्मक र नकारात्मक विषयवस्तुहरूको छलफल गर्ने

(छ) वडा कार्यलयको रोवरमा अन्तिम आचार संहिताको बैठक मार्फत प्रमाणित गर्ने

(ज) दण्ड, जरिवाना र पुरस्कार सम्बन्धी विधि आपसी छलफल गर्ने

(झ) आचारसंहिताको अन्तिम बुँदाहरूलाई बडापत्रमार्फत सार्वजनिक गरी लागु गर्ने

१०. गुनासो सङ्कलन फारम

| क्रं.सं. | विद्यालयको नाम/कार्यक्रम, मिति र स्थान | गुनासो तथा सुझाव |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

**११. पृष्ठपोषण सङ्कलन गर्ने फारम**

| **क्रं.सं.** | **विद्यालयको नाम/कार्यक्रम, मिति र स्थान** | **गुनासो तथा सुझाव** |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

**१२. दण्ड र जरीवाना सम्बन्धी व्यवस्था**

| **क्रं.सं.** | **दण्ड र जरीवाना सम्बन्धी सूची** | **पुरस्कार र प्रोत्साहान सम्बन्धी सूची** |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |
| ८. | | |

| | | |
|---|---|---|
| ९. | | |
| १०. | | |

**१३. खेलकुद कार्यक्रमको कार्यतालिका**

| क्रं.सं. | खेलकुदको नाम | मिति र स्थान | तह | समय | मुख्य जिम्बेवारी |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |

१४. **मेलाजन्य कार्यक्रमहरु सञ्चालन सम्बन्धी खाका**

यस सम्बन्धी व्यवस्था निन्म अनुसार हुनेछ ः

(क) मेलाको उद्देश्य

(ख) बालबालिकाको सहभागिता सम्बन्धी कार्यक्रम

(ग) स्थानीय समुहको सहभागिताको कार्यविवरण

(घ) आवश्यक स्रोत र साधनको विवरण

(ङ) साझेदारीको कार्यतालिका

(च) विभिन्न व्यक्तिहरूको कार्यविभाजन र विवरण

(छ) सम्भावित उपलब्धी विवरण

(ज) सम्भावित समस्या र चुनौतिहरूको सूची

(झ) आवश्यक तयारी सम्बन्धी कार्यतालिका

(ञ) बालबालिकाले प्रत्यक्ष रुपमा सिक्ने विषयवस्तुहरू र उनीहरूको कार्यविभाजन

(ट) बालबालिकालाई पूर्वतयारी गराईने क्रियाकलापहरूको सूची

(ठ) अन्य विविध

**१५. स्थानिय स्रोत व्यक्ति र समुहहरुको अभिलेख फारम**

| क्रं.सं. | स्रोत व्यक्तिको नाम | समुहको नाम | फोन नं. | मुख्य सीप र क्षमता |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |

## १६. स्थानिय समुहहरुसँग साझेदारी गर्दा गरिने सम्झौता विवरण

यस सम्बन्धी व्यवस्था निन्म अनुसार हुनेछ :

(क) साझेदारीको उद्देश्य

(ख) बालबालिकाको सहभागिता सम्बन्धी कार्यक्रम

(ग) स्थानीय समुहको सहभागिताको कार्यविवरण

(घ) आवश्यक स्रोत र साधनको विवरण

(ङ) साझेदारीको कार्यतालिका

(च) विभिन्न व्यक्तिहरूको कार्यविभाजन र विवरण

(छ) सम्भावित उपलब्धी विवरण

(ज) सम्भावित समस्या र चुनौतिहरूको सूची

(झ) आवश्यक तयारी सम्बन्धी कार्यतालिका

(ञ) अन्य विविध

## १७. कार्यक्रम लागत अनुमान फारम

| क्रं.सं. | शिर्षक तथा विषयवस्तु | एकाइ | दर | मूल्य |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |